श्री ५ को सरकार

# भूमिसुधार मन्त्रालयको

## सूचना

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ललितपुर जिल्लामा देहायका दफाहरुबमोजिमका मुद्दा मामिलाहरुको कारवाई र किनारा तथा अधिकारको प्रयोग गर्न भूमि प्रशासक श्री विष्णुप्रसाद खत्रीको एक सदस्यीय समिति गठन गरेको छ।

समितिको कार्यावधि काम शुरु गरेको मितिले २०३२ साल आषाढ मसान्तसम्म तोकिएको छ।

उक्त जिल्लाको भूमिप्रशासन कार्यालयमा २०३० साल चैत्र मसान्तअघि दायर रहेका उक्त दफाहरुसम्बन्धी किनारा गर्न बाँकी मुद्दा मामिलाहरु यस समितिको कार्यावधि सम्मको लागि उक्त अधिकार (मुद्दाहरूमा २०३० साल चैत्र मसान्तसम्म दायर रहेको मात्र) भूमि प्रशासकलाई रहने छैन।

समितिले प्रयोग गर्ने गरी तोकिएका दफाहरु:–

१. भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ को उपदफा (१) र उपदफा (३),
२. भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३१ (क),
३. भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३२ को उपदफा (१) तथा उपदफा (४) र
४. भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३८।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।